# रिब्दीकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, **पाल्पा**
## लुम्बिनी प्रदेश, नेपाल

च.न.
प.स. २०७८/२०७९

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र नियमावली, २०६५ को नियम ३ बमोजिम स्वतःप्रकाशन गर्नुपर्ने आ.व. ०७८/०७९ को चौथो त्रैमासिकको विवरण**

**क) निकायको स्वरुप र प्रकृतिः**

नेपाली जनताको पटक पटकको ऐतिहासिक जन आन्दोलन, सङ्घर्ष, वीर सहिदहरूको बलिदान र अथक प्रयासबाट २०७२ असोज ३ गते संविधान सभाबाट जारी नेपालको संविधानको धारा ५६ बमोजिम स्थापित रिब्दीकोट गाउँपालिका, पाल्पा ७५३ वटा स्थानीय तह मध्ये एउटा स्थानीय सरकार हो। यसले कार्यपालिकीय, विधायिकीय र न्यायिक कार्य गर्दछ। जसमा कार्यपालिका मार्फत स्थानीय सरकारको हैसियतमा कार्यपालिकीय, गाउँ सभा मार्फत विधायिकीय र न्यायिक समिति मार्फत न्यायिक कार्य सम्पादन गर्दछ।

**ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकारः**

नेपालको संविधानको धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत प्रचलित ऐन, नियमको अधीनमा रही रिब्दीकोट गाउँपालिका, पाल्पाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

- नेपालको संविधानको धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरू,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ अन्तर्गतका विषयमा न्यायिक समिति मार्फत न्यायिक निरुपण गर्ने।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिमका कार्यहरू (गाउँ प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवा व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई, गाउँ सभा, मेलमिलाप तथा मध्यस्थताको व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास लगायत) गर्ने।
- समग्रमा संविधान र ऐन, नियमको अधीनमा रही कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक कार्यहरू सम्पादन गर्ने।

# रिब्दीकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खस्यौली, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

च.न.
प.स. २०७८/२०७९

ग) रिब्दीकोट गाउँपालिका, पाल्पामा रहने कर्मचारी सङ्ख्याः

साङ्गठनिक संरचनाको विवरण

| क्र.स. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पद पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प.तृतीय | प्रशासन | प्रशासन | १ | १ | ० |
| २ | अधिकृत | ७/८ औं | शिक्षा, शिक्षा प्रशासन | शिक्षा, शिक्षा प्रशासन | १ | १ | ० |
| ३ | अधिकृत | ७/८ औं | प्रशासन, लेखा | प्रशासन, लेखा | १ | १ | ० |
| ४ | अधिकृत | ७/८ औं | कृषि | कृषि | १ | ० | १ |
| ५ | अधिकृत | ७/८ औं | कृषि, भेटेरिनरी | कृषि, भेटेरिनरी | १ | ० | १ |
| ६ | अधिकृत | ६ औं | प्रशासन, सा. प्र. | प्रशासन, सा. प्र. | २ | २ | ० |
| ७ | ईन्जिनीयर | ६ औं | इन्जिनीयरिङ्ग, सिभिल | इन्जिनीयरिङ्ग, सिभिल | १ | ० | १ |
| ८ | ज .नि .स्वा | ६ औं | स्वास्थ्य, हे . .ई | स्वास्थ्य, हे . .ई | १ | १ | ० |
| ९ | सि.अ.न.मि .निरीक्षक | ६ औं | स्वास्थ्य, क.न. | स्वास्थ्य, क.न. | १ | १ | ० |
| १० | आन्तरिक लेखापरीक्षक | ५औं | प्रशासन, लेखा | प्रशासन, लेखा | १ | १ | ० |
| ११ | सहायक | ५औं | प्रशासन, सा. प्र. | प्रशासन, सा. प्र. | ७ | ६ | १ |
| १२ | कम्प्युटर अपरेटर | ५औं | विविध | विविध | १ | १ | ० |
| १३ | लेखा साहायक | ५औं | प्रशासन, लेखा | प्रशासन, लेखा | १ | १ | ० |
| १४ | प्रा.स . | ५औं | शिक्षा, शिक्षा प्रशासन | शिक्षा, शिक्षा प्रशासन | १ | १ | ० |
| १५ | सब ईन्जिनीयर | ५औं | इन्जिनीयरिङ्ग, | इन्जिनीयरिङ्ग, | ४ | १ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सिभिल | सिभिल | | | |
| १६ | सहायक | ५औं | कृषि | कृषि | २ | ० | २ |
| १७ | पशु स्वास्थ्य प्राविधिक | ५औं | कृषि, भेटेरिनरी | कृषि, भेटेरिनरी | १ | १ | ० |
| १८ | पशु सेवा प्राविधिक | ५औं | कृषि, लाडे.डे.पो. | कृषि, लाडे.डे.पो. | १ | ० | १ |
| १९ | असिस्टेन्ट सव इन्जीनियर | ४ औं | इन्जिनीयरिङ्ग, सिभिल | इन्जिनीयरिङ्ग, सिभिल | ६ | १ | ५ |
| २० | खा.पा.स.टे | ४/५ औं | इन्जिनीयरिङ्ग, सिभिल, सेनिटरि | इन्जिनीयरिङ्ग, सिभिल, सेनिटरि | १ | १ | ० |
| २१ | स.म.वि.नि | ४ औं | विविध | विविध | १ | ० | १ |
| २२ | सहायक | ४ औं | कृषि | कृषि | १ | ० | १ |
| २३ | सहायक | ४ औं | कृषि, भेटेरिनरी | कृषि, भेटेरिनरी | १ | ० | १ |
| २४ | सहायक | ४ औं | प्रशासन,सा.प्र. | प्रशासन | ५ | २ | ३ |
| २५ | ना.प.स्वा.प्रा. | ४ औं | कृषि | भेटेरिनरी | १ | ० | १ |
| २६ | ना.प.से.प्रा. | ४ औं | कृषि | ला.पो.डे.डे | १ | ० | १ |
| **कार्यालय तर्फ जम्मा** | | | | | ४५ | २३ | २२ |

**घ) रिब्दीकोट गाउँपालिकाबाट प्रदान हुने सेवाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिमका विवादको न्यायिक निरुपण, दैनिक स्थानीय सेवा प्रवाह तथा व्यवस्थापन, सहकारी संस्था, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, कृषि सडक र सिँचाई, गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास आदि सेवाहरूको व्यवस्थापन तथा सञ्चालन गर्ने।

**ङ) रिब्दीकोट गाउँपालिकाका शाखाहरू तथा वडाहरू र जिम्मेवार अधिकारी**

- शिक्षा शाखाः अधिकृत आठौं मणि प्रसाद खनाल
- आर्थिक प्रशासन शाखाः अधिकृत सातौं मन्जु पन्थी
- प्रशासन शाखा : अधिकृत छैठौं रुकलाल भट्टराई

रिब्दीकोट गाउँपालिका

- योजना शाखा तथा जिन्सि शाखाः अधिकृत छैठौं काशीनाथ आर्चाय
- स्वास्थ्य शाखाः जनस्वास्थ्य निरीक्षक सुनिल अधिकारी
- सूचना प्रबिधि शाखा :सूचना प्रबिधि अधिकृत ई. हेमेन्द्र कुँवर
- प्राविधिक शाखाः इन्जिनियर सुन्दर पोखेल
- प्रधानमन्त्री रोजगार कार्यक्रमः रोजगार संयोजक दुर्गा पछाई
- सामाजिक सुरक्षा/पञ्जीकरण/महिला तथा बालबालिका शाखा : एम.आइ.एस. अपरेटर सिर्जना नेपाल
- राजश्व शाखा : सहायक पाँचौ चन्द्रकान्त ज्ञवाली
- पशु शाखाः सहायक पाँचौ गीता नेपाली
- आ.ले.प. शाखा : प्रविन खड्का
- कृषि शाखाः सहायक चौथो रंजिव कुँवर
- सहकारी शाखाः फिल्ड सहायक उमा खनाल
- वडा नं १ सचिवः सुमन रेश्मी
- वडा नं २ सचिवः हुम बहादुर बरौले
- वडा नं ३ सचिवः राम प्रसाद नेपाल
- वडा नं ४ सचिवः हिमा खड्का
- वडा नं ५ सचिवः गणेश प्रसाद आर्चाय
- वडा नं ६ सचिवः बिष्णु बहादुर थापा
- वडा नं ७ सचिवः कमल प्रसाद ज्ञवाली
- वडा नं ८ सचिवः तिल बहादुर थापा

च) **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** सेवाको प्रकृति अनुसार

छ) **निर्णय गर्ने प्रकृति र अधिकारः** नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६४ तथा नियमावली २०६५, सङ्घीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, पाल्पाबाट भएका तथा हुने परिपत्र बमोजिमका कार्यहरू।

ज) **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समितिको संयोजक, सम्बन्धित वडाका वडाध्यक्ष, गाउँपालिका अध्यक्ष।

**झ) कार्यालय प्रमुख र सूचना अधिकारीः**

- कार्यालय प्रमुखः प्रमुख प्रशासकीय अधिकृत पवन अर्याल
- सूचना अधिकारीः सूचना प्रविधि अधिकृत ई.हेमेन्द्र कुँवर

### ञ) ऐन, नियम, विनियम वा निर्देशिकाको विवरण

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि नियमावली, २०६४ तथा नियमावली, २०६५
- भ्रमण खर्च नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६५
- रिब्दीकोट गाउँपालिकाबाट निर्माण भएका ऐन, नियमहरू
- सङ्घीय सरकार, प्रदेश सरकारबाट विभिन्न मितिमा जारी भएका ऐन, नियम तथा निर्देशिकाहरू।

### ट) आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

राजस्व सम्बन्धी प्रतिवेदन(यस आ.व. को चौथो त्रैमासिक)

| आम्दानी | | | | |
|---|---|---|---|---|
| क्र.स. | राजस्व शिर्षक नं. | शिर्षक नाम | रकम | कैफियत |
| १ | ११३१३ | सम्पत्ति कर | २२,६११.२० | २०७९ बैशाख देखि असार मसान्त सम्मको |
| २ | ११३१४ | भूमिकर मालपोत | १८०.०० | |
| ३ | ११३२१ | घर बहाल कर | ५६,८९.०० | |
| ४ | १४२४२ | नक्सापास दस्तुर | २,०००.०० | |
| ५ | १४२४३ | सिफारिस | ४७,४९४.०० | |
| ६ | १४२४४ | व्यक्तिगत घटना दर्ता | १५,५५०.०० | |
| ७ | १४२४५ | नाता प्रमाणित दस्तुर | १,७५०.०० | |
| ८ | ११६१३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ७००.०० | |
| ९ | ११६९१ | अन्य कर | १३,८००.०० | |
| १० | १४२४९ | अन्य दस्तुर | ५,५००.०० | |
| ११ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ५,५००.०० | |
| १२ | १४१७२ | खानी रोयल्टी | २,००,०००.०० | |
| १३ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ८१३८.०० | |
| जम्मा | | | ३,२८,९१२.२० | |

| खर्च | | | | |
|---|---|---|---|---|
| क्र.स. | विवरण | खर्च | प्रतिशत | कैफियत |

| | | | | |
|---|---|---|---|---|
| १ | चालु खर्च | २२९२९०६६/- | २७.४४ | अघिल्लो आ.व.को चौथो त्रैमासिक भन्दा ४.९२ % घटी |
| २ | पुँजिगत खर्च | ५७५४८४९४/- | ३४.६८ | अघिल्लो आ.व.को चौथो त्रैमासिक भन्दा ६.३४% घटी |
| जम्मा | | | | |

| क्षेत्रगत खर्च विवरण | | | |
|---|---|---|---|
| क्र.स. | क्षेत्र | खर्च | प्रतिशत |
| १ | आर्थिक विकास | १०२७०५५४ | २५.०४ % |
| २ | सामाजिक विकास | १४९९५३३६ | ३४.३३ % |
| ३ | भौतिक पूर्वाधार | ३८३९८७१२ | ४०.२ % |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ० | ०% |
| ५ | प्रशासनिक क्षेत्र | १६८१२६५७ | २४.७७% |
| जम्मा | | ८०४७७५६०.०० | ३२.४३ % |

ठ) **अघिल्लो आ.व. मा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरणः** वार्षिक बजेट बमोजिमका कार्यक्रम अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य, लक्षित कार्यक्रमहरू, खेलकुद र आयोजना तर्फ सडक, खानेपानी, सिँचाई आदि सञ्चालन भएको।

ड) **निकायको वेवसाइटः** www.ribdikotmun.gov.np

ढ) **निकायको इ-मेलः** info@ribdikotmun.gov.np, ito.ribdikot@gmail.com

ण) **रिब्दीकोट गाउँपालिकाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः** छैन

त) **रिब्दीकोट गाउँपालिकाको सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति विवरणः** वार्षिक बजेट बमोजिम प्रतिशत योजना तथा कार्यक्रमहरूको कार्यान्वयन भएको, पुँजिगत खर्च अघिल्लो आर्थिक वर्षको चौथो त्रैमासिक भन्दा ६.३४ प्रतिशतले घटी भई ३४.९७ प्रतिशत भएको छ भने चालु खर्च अघिल्लो आर्थिक वर्षको चौथो त्रैमासिक भन्दा ४.९२ प्रतिशतले वृद्धि भई २७.४४ प्रतिशत भएको।

थ) **रिब्दीकोट गाउँपालिकाले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समयावधिः** छैन।

द) **रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः** श्री शरदा भुसाल (झा) ज्यूले मिति २०७९-०३-१९ गते Email मार्फत सूचना मागेकोमा माग बमोजिमको सूचना मिति २०७९-०३-३१ गते Email मार्फत पठाइएको ।

**ध) रिब्दीकोट गाउँपालिकाका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरणः**

- नागरिक वडा पत्र
- कार्यालयको सूचना पाटी
- एफ.एम. रेडियो, पत्र-पत्रिका
- कार्यालयको वेवसाइट र फेसबुक पेज
- वार्षिक कार्ययोजना तर्जुमा
- स्थानीय राजपत्र

रिब्दीकोट गाउँपालिका

## रिब्दीकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, **पाल्पा**
## लुम्बिनी प्रदेश, नेपाल

च.न.
प.स. २०७८/२०७९

---

***शिक्षा शाखाबाट आ।ब २०७८/७९ को अन्तिम त्रैमासिकमा सम्पन्न भएका कामहरुः-***

१.मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तरगत ११ प्रा.वि. लाई कम्प्युटर तथा प्रिन्टर वितरण कार्य सम्पन्न ।

२.मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तरगत १८ प्रा.वि. ४ नि.मा.वि. १ मा।वि मा दिवाखाजाको लागि भाडाँकुडा वितरण कार्य सम्पन्न ।

३.मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तरग अल्कादेवी प्रा वि, कालिका मा.वि, पिपलडाडाँ प्रा.वि,राधाकृष्ण प्रावि र नारायण मा.वि. मा भुई बसाई व्यवस्थापन कार्य सम्पन्न ।

४.मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तरगत विभिन्न विद्यालयहरुमा प्रोजेक्टर, गेट निर्माण, टेवा पर्खाल, वाल निर्माण, तारवार, ढल निकास टायल, शौचालय, मर्मत, कर्कट पाता, ट्रष्ट निर्माण, कम्पाउण्ड निर्माण जस्ता कार्यक्रम सम्पन्न ।

५. चार दिने नमूना युवा गाउँ सभा अभ्यास तथा युवा क्लव गठन कार्यक्रम सम्पन्न

६. युवा उद्यमशिलता कार्यक्रम सम्पन्न ।

७.राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता कार्यक्रम सम्पन्न ।

८.नयाँ पाठ्यक्रम सम्बन्धि कार्यशाला कार्यक्रम सम्पन्न ।

९.एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सम्बन्धी शैक्षिक तथ्यङ्क प्रविष्टि गर्ने सम्बन्धी कार्यशाला कार्यक्रम सम्पन्न ।

१०.तेस्रो चौमासिक तलब भत्ता निकासा सम्बन्धी कार्य ।

रिब्दीकोट गाउँपालिका

*२०७९ बैशाख देखि आषाढ सम्मको कृषि शाखाको प्रगति विवरण :-*

१.मकै उत्पादन प्रवर्दन कार्यक्रम अन्तर्गत १८ वटा हाते ट्याक्टर,९ वटा कम्बाइन्ड मिल,२८ वटा त्रिपाल,४ वटा स्प्रे टंकी र २६ वटा मेटल बिन मागमा आधारित ५०% अनुदानमा वितरण कार्य सम्पन्न तथा मकै बिउ उत्पादन तालिम ८० जना कृषकलाई प्रदान गरिएको ।

२.साना ब्यबसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तर्गत आत्मनिर्भर कृषि सहकारी संस्था लि.रिब्दिकोट गाउँपालिका वडा न.७ (तरकारी पकेट निरन्तरता) र फ्रेश भ्याली एग्रो फार्म रिब्दिकोट गाउँपालिका वडा न. २ (नयाँ तरकारी पकेट) मा १४० रोपनी क्षेत्रफलमा बिभिन्न जातका तरकारी खेति गरिएको ।

३.किसान सूचीकरण कार्यक्रम अन्तर्गत १२१७ किसानहरुको अनलाइन डाटा संकलन गरिएको ।

४.फलफूल दशक विरुवा रोपण कार्यक्रम अन्तर्गत बृक्षारोपण दिवसको अवसर पारी सबै वडा कार्यालायहरुमा फलफुल बिरुवा रोपण गरिएको र प्रगति महिला कृषक समूह मार्फत रिब्दिकोट गाउँपालिका वडा न. ७ सार्बजनिक क्षेत्रमा सामुहिक रुपमा भुईकटहर खेति गर्ने काम सम्पन्न भएको ।

५ जैविक मल अनुदानमा वितरण कार्यक्रमबाट २५ टन जैविक मल १७४ किसानलाई ८५% अनुदानमा वितरण गरिएको ।

६. प्रांगारिक खेति प्रवर्दन कार्यक्रम अन्तर्गत ११ वटा थरि सुधार भएको र १५ टन प्रांगारिक मल १२२ किसानलाई ८५ % अनुदानमा वितरण गरिएको ।

रिब्दीकोट गाउँपालिका

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

च.न.
प.स. २०७८/२०७९

***रिब्दीकोट गाउँपालिका अन्तर्गत पञ्जीकरण सेवा इकाईबाट आ.व. २०७८।७९ को चौथो त्रैमासिकमा सम्पादन भएका कार्यहरु:-***

- आम नागरिकहरुलाई घटना दर्ता, सामाजिक सुरक्षा तथा गुनासो दर्ता सम्बन्धि सचेतना जगाउनका लागि गाउँपालिका बासी सबैको पहुच पुग्ने गरी दुई वटा एफ.एम रेडियो संग सम्झौता गरी सुचना सामाग्री प्रसारण गरिएको ।
- व्यक्तिगत घटना घटेको ३५ दिन भित्रमा नै दर्ता गर्न गराउनका लागि समुदायका सुचना प्रसारण गर्नका लागि वडा सचिवहरु , सम्पुर्ण विद्यालयका प्र.अ हरु , सम्पुर्ण स्वास्थ्य संस्थाका प्रमुखहरु, महिला स्वास्थ्य स्वयम सेविकाहरु र कर्मचारिहरुको उपस्थितिमा बृहत रुपमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको ।
- विद्यार्थीहरु मार्फत अभिभावक समक्ष घटना दर्ता सम्बन्धि सुचना प्रवाह गर्नका लागि प्रत्यक विद्यालयमा सचेतनामुलक फ्लेक्स व्यानर निर्माण गरी टाँसिएको ।
- गाउँपालिका भरिमा ग वर्गका अपाङ्गता(पहेलो कार्ड)भएका लाभग्राहीहरू १०३ जना रहेका उनिहरुलाई गाउँपालिकाले मासिक रु. ८०० का दरले सामाजिक सुरक्षा भत्ता उपलब्ध गराईएको ।
- वडा कार्यालयमा कार्यरत सहायक कम्प्युटर अपरेटर र वडा सचिवहरुलाई VERSP-MIS सम्बन्धी २ दिने तालिम कार्यक्रम सञ्चालन गरिएको ।
- आ.व. ०७८।७९ को चौथो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरु देहाय बमोजिम रहेका छन र चौथो त्रैमासिकमा रु. २५६००५९५/- सामाजिक सुरक्षा भत्ता वितरण भएको छ ।

<u>सामाजिक सुरक्षा चौथो त्रैमासिकमा भत्ता वितरण</u>

| रिब्दीकोट गा.पा. | जेष्ठ नागरिक भत्ता(७०बर्षमाथि) | जेष्ठ नागरिक भत्ता (दलित) | जेष्ठ नागरिक एकल महिला | विधवा (आर्थिक सहायता) | क बर्ग | ख बर्ग (आर्थिक सहायता) | दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा संख्या | १३८८ | २३१ | २७१ | ४११ | ५२ | १२२ | ३६१ | २८३६ |

रिब्दीकोट गाउँपालिका

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

च.न.
प.स. २०७८/२०७९

***रिब्दीकोट गाउँपालिका महिला तथा बालबालिका विकास शाखा आ.व. २०७८।७९ को चौथो त्रैमासिकमा सम्पादन भएका कार्यहरु:***

- एकल महिलाहरुलाई उद्यमशिल बनाउनका लागि  थाकलका सामाग्री निर्माण सम्बन्धी १ महिने तालिम सञ्चालन गरिएको ।
- महिला सशक्तिकरण तथा उत्थानका लागि सरोकारवालाहरुसँग अन्तरकृया कार्यक्रम सञ्चालन गरिएको ।
- महिला तर्फ विनियोजन गरिएको बजेटबाट महिला उद्यमशिलताका लागि १ महिने थाकलका सामाग्रीहरु निर्माण गर्ने तालिम कार्यकक्रम सञ्चालन गरिएको ।
- दलित वर्ग सशक्तिकरण तथा उत्थानका लागि सरोकारवालाहरुसँग अन्तरकृया कार्यक्रम सञ्चालनल गरिएको ।
- प्रत्येक वडाहरुमा जातिय छुवाछुत तथा भेदभाव अन्त्यका लागी कानुनी सचेतनामुलक कार्यक्रम र पोषण तथा प्रजनन सम्बन्धि सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको ।
- सार्वजनिक स्थलहरुमा जातिय छुवाछुत तथा भेदभाव अन्त्यका लागि सचेतना अभिवृद्धि गर्ने फ्लेक्स प्रिन्ट निर्माण गरि वितरण गरिएको, साथै होर्डिङ बोर्डहरु निर्माण गर्ने निर्णय गरिएको ।
- गाउँपालिका स्तरिय एकल महिला सञ्जालको बैठक बसी आ.व. ०७९/८० को लागि योजना तथा बजेट माग भएको ।

रिब्दीकोट गाउँपालिका

# रिब्दीकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, **पाल्पा**
## लुम्बिनी प्रदेश, नेपाल

च.न.
प.स. २०७८/२०७९

***रिब्दीकोट गाउँपालिका अन्तरगत उधम विकास शाखा बाट आ.व २०७८।०७९ को तेस्रो त्रैमासिक मा सम्पादन भएका कार्यहरुः-***

क) वडा न. १ ख्याहा
व्यवसायिक मौरी पालन तालिम
व्यवसायिक अचार बनाउने तालिम

ख) वडा न. २ देउराली
व्यवसायिक डलकुशन तालिम
व्यवसायिक अचार बनाउने तालिम

ग) वडा न. ४ भैरवस्थान
व्यवसायिक सिलाई कटाई तालिम
व्यवसायिक व्युटीपार्लर पालन तालिम
व्यवसायिक दालमोट बनाउने  तालिम

घ) वडा न. ८ फेक
व्यवसायिक मौरी पालन तालिम
व्यवसायिक सिलाई कटाई तालिम

रिब्दीकोट गाउँपालिका

# रिब्दीकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, **पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

च.न.
प.स. २०७८/२०७९

***प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ :-***

१. वडा नं. १ मा जोगीथुम खेलमैदान बिस्तार आयोजनामा १० जनालाई कूल १००० दिन र नाली निर्माण आयोजनामा ९ जनालाई ९०० दिन बराबरको रोजगार प्रदान गरी आयोजना सम्पन्न भएको ।

२. वडा नं. २ मा गोरेटोबाटो तथा ड्रेन निर्माण आयोजना सम्पन्न गर्नको लागि ५ जनालाई कूल ५०० दिन र ड्रेन निर्माण तथा ढुंगा छपाई आयोजनामा ५ जनालाई कूल ५०० दिन बराबरको रोजगार प्रदान गरी आयोजना सम्पन्न भएको ।

३. वडा नं. ३ मा नाली निर्माण तथा गोरेटो बाटो आयोजना सम्पन्न गर्नको लागि ५ जनालाई कूल ५०० दिन र आयमुलक बृक्षारोपण आयोजना सम्पन्न गर्नका लागि ५ जनालाई कूल ५०० दिन बराबरको रोजगार प्रदान गरी आयोजना सम्पन्न भएको ।

४. वडा न. ४ मा मोटरबाटो स्तरोन्नति आयोजना सम्पन्न गर्नको लागि ९ जनालाई कूल ९०० दिन र नाली निर्माण आयोजना सम्पन्न गर्नको लागि ७ जनालाई कूल ७०० दिन बराबरको रोजगार प्रदान गरी आयोजना सम्पन्न भएको ।

५. वडा नं. ५ मा नाली निर्माण तथा गोरेटोबाटो सुधार आयोजनामा ५ जना बेरोजगार व्यक्तिहरुलाई कुल ५०० दिन र ढुंगा छाप्ने तथा नाली सुधार आयोजना सम्पन्न गर्नको लागि ५ जनालाई कूल ५०० दिनको रोजगार प्रदान गरी आयोजना सम्पन्न भएको ।

६. वडा नं. ६ मा खानेपानी पाइपलाइन बिस्तार आयोजना सम्पन्न गर्नको लागि १० जनालाई कूल १००० दिन र मोटरबाटो तथा नाली निर्माण आयोजना सम्पन्न गर्नको लागि १२ जनालाई कूल १२०० दिन बराबरको रोजगार प्रदान गरी आयोजना सम्पन्न भएको ।

७. वडा नं. ७ मा बृक्षारोपण तथा मूल संरक्षण आयोजना सम्पन्न गर्नको लागि ११ जनालाई कूल ११०० दिन र मोटरबाटो स्तरोन्नति आयोजना सम्पन्न गर्नको लागि १२ जनालाई कूल १२०० दिन बराबरको रोजगार प्रदान गरी आयोजना सम्पन्न भएको ।

८. वडा नं. ८ मा ढुंगा छपाई तथा ढुंगावाल निर्माण आयोजना सम्पन्न गर्नको लागि १५ जनालाई कूल १५०० दिन र नाली सुधार तथा भल नियन्त्रण आयोजना सम्पन्न गर्नको लागि १८ जनालाई कूल १८०० दिन बराबरको रोजगार प्रदान गरी आयोजना सम्पन्न भएको ।

९. १ देखि ८ वडामा संकलन भएका ११५८ जना बेरोजगार व्यक्तिहरुलाई अनलाईनमा प्रविष्ट गरिएको ।

१०. मन्त्रालयबाट माग भए बमोजिमका प्रतिवेदन पेश गर्दै आएको र आवश्यकता अनुसार सम्पर्क समन्वय गरेको ।

११. मन्त्रालयबाट दिएको अन्य निर्देशनहरु कार्यान्वयन गरिएको ।

रिब्दीकोट गाउँपालिका

# रिब्दीकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, **पाल्पा**
# लुम्बिनी प्रदेश, नेपाल

च.न.
प.स. २०७८/२०७९

***रिब्दीकोट गाउँपालिकाको स्वास्थ्य शाखाबाट आ.व.२०७८/७९ को चौथो त्रैमासिकमा सम्पादन भएका कार्यहरुः-***

- कोभिड १९ विरुद्धको खोप अभियान संचालन गरी ७३०३ जनालाई रोग लाग्नबाट सुरक्षित गरिएको ।
- ७० बर्ष माथिका सबै जेष्ठ नागरिकहरुलाई घरमै स्वास्थ्य सेवा मार्फत १००१ जनालाई स्वास्थ्य जाँच गरी औषधी वितरण गरिएको ।
- ७ जना दिर्घजिवन सम्मान रोज्नु हुने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई दोसल्ला, प्रमाणपत्र साथै नगदले सम्मान गरिएको ।
- खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र बाट एक्सरे सेवा र प्रयोगशाला मा थप जाँच को व्यवस्थापन गरि २० वटा जाँच बाट ४० थरि थप गरि ६० जाँचको प्रयोगशाला सेवा थप गरिएको ।
- खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र बाट पोषण उपचारको लागि इत्‍ऋ तयारी गरिएको ।
- असाध्य दीर्घ रोगीलाई पोषण तथा यातायात सुविधा कार्यक्रम अन्तगत हाल सम्म ११० जनालाई रु ६०००। —का दरले आर्थिक सहयोग गरिएको ।
- विपन्न नागरिक औषधी उपचार कोषको लागि १५ जनालाई रु. १,००,००० को लागि सिफारिस गरिएको ।
- लुम्बिनी प्रदेश सरकारबाट क्यान्सर, मुटु र मृगौला रोगीहरुको लागि ९ जनालाई रु. २,००,००० को सिफारिस गरिएको ।
- पालिका भित्र संस्थागत सुत्केरी वा पालिका भित्रका संस्थाहरुमा सुत्केरी हुन नसकी रिफर गर्नु परेमा सबै सुत्केरी आमालाई पोषण खर्च रु.१५०० का दरले ५४ जनालाई नगद अनुदान दिईएको ।
- सबै गर्भवती महिलालाई नेपाल सरकारको प्रोटोकल अनुसार गर्भ जाँच गरेकोमा पोषणका लागि अण्डा वितरण गरिएको ।

रिब्दीकोट गाउँपालिका